# राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९

सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

२०७९

मन्त्री

स्वीकृत मितिः २०८०/११/१९..

# राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९

प्रस्तावना : नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको आयोजना दस्तावेजमा प्रदेश स्तरमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualifications System-NVQS) कार्यान्वयन गर्ने विषय समावेश भएकोले कार्यक्रम तथा स्रोत परिचालनलाई पारदर्शी, व्यस्थित र नतिजामुलक बनाउन बान्छनीय भएको र कर्णाली प्रदेशका युवायुवतीहरूको औपचारिक तथा अनौपचारिक पद्धतिबाट सिकिएको वा अनुभव हासिल गरेको ज्ञान, सीप, क्षमता, दक्षतालाई परीक्षण गरी उपयूक्त योग्यताको प्रमाणपत्र हासिल गरी रोजगार सुनिश्चित गर्न, कर्णाली प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरि, सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आजीवन सिकाई" भन्नाले रोजगारीको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा जीवनभर आर्जन गरिएको ज्ञान र सीपलाई (Lifelong Learning) सम्झनु पर्छ ।

(ख) "दक्षता" भन्नाले कार्यस्थलमा आवश्यक पर्ने सबै निर्धारित ज्ञान, सीप, क्षमता, धारणाहरूको लगातार प्रयोग गरी कुनै पनि विशेष कर्म वा कर्तव्य पूरा गर्ने क्षमता (Competency) लाई सम्झनु पर्छ ।

(ग) "दक्षतामा आधारित मूल्याङ्कन" भन्नाले कुनै पनि व्यक्तिको प्रतिष्पर्धात्मक दक्षता वा क्षमताको निर्धारण गर्न प्रमाणहरूको संकलन र न्यायिक परीक्षण गर्ने विधि (Competency Based Assessment) लाई सम्झनु पर्छ ।

(घ) "परियोजना" भन्नाले नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्झनु पर्छ ।

(ङ) "परियोजना कार्यन्वयन तथा समन्वय समिति" भन्नाले नेपाल सरकार र स्विजरल्याण्ड सरकार बीच भएको द्विपक्षीय सम्झौताको दफा ८ बमोजिमको परियोजनाको समन्वय तथा कार्यान्वयन गर्न मन्त्रालयले प्रदेशभित्र स्थापना गरेको "परियोजना कार्यान्वियन तथा समन्वय समिति (Project Implementation and Coordination Committee) सम्झनु पर्छ ।

(च) "पूर्व सिकाई मान्यता" भन्नाले कुनै पनि व्यक्तिले जीवनको पूर्वार्धमा अनौपचारिक सिकाई विधिबाट आर्जन गरेको योग्यता (ज्ञान, सीप र धारणा) प्रयोग हुने स्तर र क्रेडिटको मूल्याङ्कन भन्ने सम्झनु पर्छ ।



मन्त्री

(छ) "प्रदेश परियोजना समन्वय इकाई" भन्नाले परियोजना कार्यान्वयन गर्न गठित दफा ५ बमोजिमको प्रदेश परियोजना समन्वय इकाई (Provincial Project Coordination Unit) सम्झनु पर्छ ।

(ज) "प्रदेश परियोजना सहयोग इकाई" भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने संस्थाको सहयोगमा स्थापना भएको प्रदेश दफा ६ बमोजिमको परियोजना सहयोग इकाई (Provincial Project Support Unit) सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ञ) "मूल्याङ्कनकर्ता" भन्नाले मूल्याङ्कन गर्ने व्यक्ति (Assessor) सम्झनु पर्छ।

(ट) "राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रको सुधारका लागि आवश्यक पर्ने प्रमुख प्रणाली (National Vocational Qualifications System-NVQS) सम्झनु पर्छ ।

(ठ) "राष्ट्रिय सीप परीक्षण समिति" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली, २०५१ को दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ड) "लाभग्राही" भन्नाले प्रणाली मार्फत प्रत्यक्ष वा परोक्ष रुपमा फाइदा पाउने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ढ) "वार्षिक कार्यक्रम कार्ययोजना" भन्नाले वार्षिक रुपमा गरिने सम्पूर्ण कियाकलापहरूको योजना तथा बजेट उल्लेख गरिएको विस्तृत विवरण भएको दस्तावेज (Yearly Plan of Operations) लाई सम्झनु पर्छ।

(ण) "सरोकारवाला" भन्नाले प्रणाली कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्धित व्यक्ति, पदाधिकारी, निजी क्षेत्र र संस्था समेतलाई सम्झनु पर्छ ।

(त) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकालाई सम्झनु पर्छ ।

(थ) "प्रदेश प्राविधिक संयोजक" भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने संस्थाको दफा ६(१) बमोजिमको मानव संशाधनलाई सम्झिनु पर्छ ।

(द) "प्रदेश प्राविधिक अधिकृत" भन्नाले परियोजना कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने संस्थाको दफा ६(२) बमोजिमको मानव संशाधनलाई सम्झिनु पर्छ ।

## परिच्छेद-२
## संस्थागत संरचनाको व्यवस्था

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्न सहयोग गर्नु,

(ख) प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकास गर्नु,

(ग) सरोकारवालाको क्षमता अभिवृद्धिमा सहजीकरण गर्नु,

(घ) प्रणाली/परियोजना कार्यान्वयन गर्न गठन हुने संरचनाहरूको कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्नु ।

४. परियोजना कार्यान्वयन तथा समन्वय समिति (Project Implementation and Coordination Committee) : (१) मन्त्रालयबाट सन्चालन हुने समग्र परियोजना कार्यान्वनको लागि आवश्यक नीति तर्जुमा, समन्वय एवं मार्गदर्शन गर्न



मन्त्री

नेपाल सरकार र स्वीस सरकारबीच भएको दुई पक्षीय सम्झौता र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो चरणको आयोजना दस्तावेज अनुसार देहाय बमोजिमको परियोजना कार्यान्वयन तथा समन्वय समिति रहनेछ :

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य

(ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, उद्योग, बन तथा वातावरण मन्त्रालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(छ) प्रतिनिधि, प्रदेश उद्योग परिसंघ - सदस्य

(ज) प्रतिनिधि, प्रदेश उद्योग वाणिज्य महासंघ - सदस्य

(झ) शिक्षा विकास महाशाखा प्रमुख - सदस्य सचिव

(ञ) प्राविधिक संयोजक, प्रादेशिक परियोजना सहयोग इकाई नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना - स्थायी आमन्त्रित सदस्य

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषयगत विज्ञ (TVET, Labor Market, Occupational Expert etc.) लाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रणाली/परियोजना कार्यान्वयन गर्ने क्रममा आवश्यक विषयवस्तुमा छलफल गरी कार्यान्वयनका लागि निर्देशन दिने,

(ख) आवश्यकता अनुसार परियोजना कार्यान्वयनको लागि नीतिगत सुझाव सल्लाह प्रदान गर्ने,

(ग) परियोजना संचालनको लागि प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिको लागि सिफारिस गर्ने,

(घ) प्रणाली/परियोजना संचालनको लागि प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको आवधिक प्रतिवेदनहरू स्वीकृत गर्ने,

(ङ) प्रणाली/परियोजना संचालनको लागि आवश्यकता अनुसार संघीय र प्रादेशिक अन्तर-मन्त्रालय समन्वय गर्ने,

(च) परियोजना अन्तर्गत संचालित कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण र निर्देशन दिने,

(छ) परियोजना कार्यान्वयन सम्बन्धमा उत्पन्न समस्या समाधान गर्ने,

(ज) अपेक्षित उपलब्धि हासिल गर्ने कार्यको लागि प्रदेश परियोजना समन्वय इकईलाई निर्देशन दिने,

(झ) कार्यक्रम कार्यान्वयनमा प्रदेश परियोजना सहयोग इकाईलाई जिम्मेवार बनाउने र प्रदेश परियोजना सहयोग इकाईबाट सम्पादित कार्यको नियमित रुपमा प्रतिवेदन लिने र पृष्ठपोषण प्रदान गर्ने,

(ञ) संघीय तहको परियोजना कार्यान्वयन इकाईसँग आवश्यकता अनुसार संचार र समन्वय गर्ने,

(ट) परियोजनासँग सम्बन्धित प्रतिवेदनहरू संघीय तहको परियोजना कार्यान्वन इकाईलाई उपलब्ध गराउन प्रदेश परियोजना सहयोग इकाईलाई निर्देशन दिने,



मन्त्री

(ठ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहकार्यका लागि पहल गर्ने,

(ड) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका लागि संस्थागत संरचनाको स्थापना विकास र सबलीकरण गर्ने ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार सो भन्दा बढी पटक पनि बस्न सक्नेछ ।

५. <u>प्रदेश परियोजना समन्वय इकाई (Province Project Coordination Unit)</u> : (१) नेपाल राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना अन्तर्गतका कार्यक्रमहरूको कार्यन्वयन, समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको प्रदेश परियोजना समन्वय इकाई रहनेछ :-

(क) शिक्षा विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय - संयोजक

(ख) मन्त्रालयले तोकेको महाशाखा प्रमुख - सदस्य

(ग) प्राविधिक शिक्षा हेर्ने अधिकृत, मन्त्रालय - सदस्य

(घ) लेखा अधिकृत, मन्त्रालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति - सदस्य

(२) उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन तथा समन्वय समिति र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई मार्फत संघीय परियोजना समन्वय इकाईमा पठाउने,

(ग) सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि यस कार्यविधिको दफा (१२) बमोजिम कार्यान्वयन गर्ने,

(घ) सीप मूल्याङ्कन प्रमाणीकरण कार्यका लागि अनुगमनका विधि तथा कार्यविधिहरूको अध्यावधिक गर्ने,

(ङ) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(च) सीप प्रमाणीकरण, मूल्याङ्कन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका कार्यहरूका लागि डाटावेस निर्माण तथा तथ्याङ्क अध्यावधिक गर्ने,

(छ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप परीक्षण कार्यका लागि दफा ११ (१) बमोजिम जनशक्तिको व्यस्थापन गर्ने,

(ज) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सम्बन्धी कार्यशाला, बैठक सन्चालन गर्ने,

(झ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी सचेतनाका लागि सूचना प्रसार गर्न स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने,



मन्त्री

(ञ) मन्त्रालय र परियोजना कार्यान्वयन तथा समन्वय समितिको नीति निर्देशनमा रही स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने,

(ट) परियोजनाको वित्तीय तथा प्रशासनिक व्यवस्थापनको जिम्मेवारी वहन गर्ने,

(ठ) विभिन्न सरोकारवाला निकाय, संघसंस्थाहरूसँग समन्वय गर्ने,

(३) उपदफा (१) बमोजिमको इकाईको बैठक कम्तिमा महिनामा एक पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

६. प्रदेश परियोजना सहयोग इकाई (Province Project Support Unit): (१) मन्त्रालयबाट सन्चालन हुने नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयनको लागि परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना समन्वय इकाईलाई प्राविधिक सहयोग गर्नका लागि परियोजनाको दस्तावेज बमोजिम देहायका कर्मचारी सदस्य भएको प्रदेश परियोजना सहयोग इकाई रहनेछ ।

(क) प्रदेश प्राविधिक संयोजक - संयोजक

(ख) प्रदेश प्राविधिक अधिकृत - सदस्य

(२) उपदफा (१) बमोजिमको इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी प्रदेश परियोजना समन्वय इकाईमा पेश गर्ने,

(ख) परियोजना कार्यान्वयन तथा समन्वय समितिबाट स्वीकृत भएको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने,

(ग) वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश परियोजना समन्वय इकाई समक्ष पेश गर्ने,

(घ) सरोकारवालाहरूको क्षमता अभिवृद्धिक लागि कार्यविधिको दफा १२ बमोजिम कार्यान्वयन गर्न सहयोग गर्ने,

(ङ) सीप मूल्याङ्कन/प्रमाणीकरण कार्यको लागि अनुगमनका विधि तथा उपकरणहरूको अध्यावधिक गर्न सहयोग गर्ने,

(च) सीप परीक्षण केन्द्रको अनुगमन तथा सुपरीवेक्षण गर्न सहयोग गर्ने,

(छ) सीप प्रमाणीकरण, मूल्याङ्कन तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी कार्यहरूको लागि डाटावेस निर्माण, तथ्यांक अध्यावधिक गर्न सहयोग गर्ने,

(ज) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयनका क्रममा सीप प्रमाणीकरण सम्बन्धी कार्यहरूको लागि विज्ञ जनशक्तिको व्यस्थापन गर्न कार्यविधिको दफा ११ बमोजिम कार्यान्वयनका लागि सहयोग गर्ने,

(झ) नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनास म्बन्धी कार्यशाला, बैठक सन्चालन गर्नका लागि सहयोग, सामग्री विकास र वितरण लगायतका कार्यमा सहयोग गर्ने,

(ञ) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी सचेतना सामग्री विकास तथा वितरण लगायतका कार्यमा सहयोग गर्ने,

(ट) परियोजना कार्यान्वनका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्यका लागि सहयोग गर्ने,

(ठ) संघीय सहयोग इकाईबाट सन्चालन गरिने विभिन्न कार्यक्रमहरूमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(३) उपदफा (१) बमोजिमको इकाईको सम्पूर्ण व्यवस्थापन संघीय परियोजना सहयोग इकाईले गर्नेछ ।

मैत्री

## परिच्छेद-३

### प्रणाली/परियोजना कार्यान्वयन, सीप मूल्याङ्कन/प्रमाणीकरणको अनुगमन र प्रतिवेदन

७. **प्रणाली/परियोजना कार्यान्वयन :** (१) प्रणाली/परियोजना कार्यान्वयनको लागि नतिजामा आधारित अवधारणा अनुसार प्रदेश परियोजना समन्वय इकाईले सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेतका आधारमा वार्षिक कार्ययोजना (YPO) तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गर्नेछ ।

(२) परियोजना कार्यान्वयन तथा समन्वय समितिले वार्षिक कार्यकम कार्ययोजना (YPO) स्वीकृत गरी प्रदेश परियोजना समन्वय इकाई मार्फत कार्यान्वयन गर्ने, गराउनेछ ।

८. **अनुगमन तथा मूल्याङ्कनः** (१) प्रदेश परियोजना समन्वय इकाईले सीप परीक्षण कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक अनुगमन कार्ययोजना तयार गरी निरीक्षण तथा अनुगमन गरिनेछ ।

(२) सीप परीक्षणकेन्द्रको गुणस्तर सुनिश्चितताका लागि अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

(३) अनुगमन प्रतिवेदनका आधारमा प्रदेशका सीप परीक्षण केन्द्रको नवीकरण गर्न सम्बन्धित निकायलाई सिफारिस गर्नेछ ।

(४) अनुगमनका कममा दिइएका सुझावहरूलाई कार्यान्वयन नगरी न्युनतम मापदण्ड पुरा नगरेका सीप परीक्षण केन्द्रलाई खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

९. **परियोजनाको वार्षिक समीक्षा** : परियोजनाको वार्षिक समीक्षा आर्थिक वर्ष सकिएको दुई महिनाभित्र गर्नु पर्नेछ ।

१०. **प्रतिवेदनः** (१) कार्यकम कार्ययोजना अनुसार सम्पादन गरेका कार्यहरूको प्रगति प्रतिवेदन तयार गरी परियोजना कार्यान्वयन तथा समन्वय समिति, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग इकाई कार्यालय मार्फत नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्नु पर्नेछ ।

## परिच्छेद — ४

### जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि

११. **सीप परिक्षणको लागि जनशक्ति व्यवस्थापन :** (१) प्रत्येक पेशागत क्षेत्रको सीप परीक्षण गर्नको लागि आवश्यक पर्ने मूल्याङ्गनकर्ताहरूको नियुक्ति, परिचालन, तथ्याङ्क अध्यावधिक, परिक्षा सन्चालन लगायतका कार्य गर्न तपसिल बमोजिमको प्रदेश सीप परीक्षण सहजीकरण समिति रहनेछ ।

(क) प्रमुख, शिक्षा विकास महाशाखा, मन्त्रालय - संयोजक

(ख) अधिकृत, सामाजिक विकास मन्त्रालय - सदस्य

मन्त्री

(ग) कानुन अधिकृत, सामाजिक विकास मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, शिक्षा विकास निर्देशनालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको प्रदेश सीप परीक्षण सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ :-

(क) तालीम प्राप्त सीप परिक्षणकर्ताहरूको गुणस्तर सुनिश्चितता, अनुगमन र सुपरीवेक्षण गर्ने,
(ख) तालीम प्राप्त परिक्षणकर्ताहरूको अभिलेखीकरण गर्ने,
(ग) सीप परीक्षण कार्यका लागि राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय गर्ने,
(घ) सीप परीक्षण कार्यका लागि मूल्याङ्कनकर्ताहरूको तथ्यांक अध्यावधिक गर्ने,
(ङ) सीप परीक्षण कार्यका लागि मूल्याङ्कनकर्ताहरूको नियुक्ति तथा परिचालन गर्ने,
(च) राष्ट्रिय सीप प्रमाणीकरणका लागि सीप परीक्षण केन्द्रको नियमन, परिक्षा सन्चालन र व्यवस्थापन गर्ने,
(छ) मान्यता प्राप्त सीप परीक्षण केन्द्रको अनुगमन, नियमन, नविकरण र दर्ता खारेजी सम्बन्धी कार्य गर्ने ।

१२. <u>क्षमता अभिवृद्धि</u> : प्रदेश परियोजना समन्वय इकाईले गुणस्तरीय सीप परीक्षण र पूर्व सिकाईको मान्यता विधिको कार्यान्वयनका लागि सरोकारवालाको क्षमता अभिवृद्धि गर्न देहाय बमोजिमका कार्यहरू गर्नेछन् :-

(क) सीप परीक्षण केन्द्रहरूलाई मूल्याङ्कनको विधि प्रक्रियाबारे तालीम सन्चालन गर्ने,
(ख) सीप परीक्षण केन्द्रहरूको आवश्यकताको आँकलन (Need Assessment) गरी आवश्यकताको आधारमा सवलिकरण गर्ने,
(ग) सीप परीक्षण केन्द्रहरूलाई आवश्यकताको आधारमा भौतिक विकासका लागि सहयोग गर्ने,
(घ) औधोगिक क्षेत्रको श्रमिकको मांग र आपूर्तिको आँकलन गरी मांगलाई सम्बोधन गर्नका लागि प्रदेश स्तरीय एक डाटावेस तयार गर्ने,
(ङ) मन्त्रालय अन्तर्गतका सम्बन्धित कर्मचारीहरूलाई प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणक लागि तालीम सन्चालन गर्ने,
(च) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन गर्नका लागि आवश्यक संयन्त्र र संरचनामा संलग्न हुने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,
(छ) सीप परिक्षणकर्ताहरूको क्षमता अभिवृद्धि गर्न तालीम सन्चालन गर्ने ।



मन्त्री

## परिच्छेद — ५
## कार्यक्रम तथा वित्तीय व्यवस्थापन

१३. **कार्यक्रम तथा बजेट :** (१) राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनका लागि स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम प्रदेश परियोजना समन्वय इकाईले वार्षिक कार्यक्रम तथा बजेट तयार गर्नेछ ।

(२) प्रदेश परियोजना समन्वय इकाईले तयार गरेको कार्यक्रम तथा बजेट परियोजना कार्यान्वयन तथा समन्वय समितिमा पेश गर्नेछ ।

(३) परियोजना कार्यान्वयन तथा समन्वय समितिले कार्यक्रम तथा बजेट संघीय परियोजना संचालक समितिमा स्वीकृतिका लागि प्रस्ताव गर्नेछ ।

(४) परियोजना कार्यान्वयन तथा समन्वय समिति र प्रदेश परियोजना समन्वय इकाईका पदाधिकारीहरूको बैठक भत्ता, दैनिक भ्रमण भत्ता नेपाल सरकार/प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खर्च गर्नु पर्नेछ ।

१४. **कोष प्रवाह तथा वित्तीय प्रबन्ध :** (१) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि प्रदेश परियोजना समन्वय इकाईले प्रणाली/परियोजनाको क्रियाकलाप कार्यान्वयन गर्न मन्त्रालयमा प्राप्त अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

(२) प्रदेश परियोजना समन्वय इकाईले कार्यक्रम तथा बजेट सम्बन्धी सम्पूर्ण क्रियाकलापहरूको कार्यान्वयन तथा समन्वय गर्नेछ ।

(३) प्रणाली/परियोजनाको खर्चको लेखाङ्कन, लेखा परीक्षण तथा प्रतिवेदन प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद — ६
## संस्थागत विकास

१५. **राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकास** : प्रदेश तथा स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि देहायका कामहरू गरिनेछ :-

(क) प्रदेशभित्र औधोगिक क्षेत्रको श्रमिकको मांग र आपूर्तिको आँकलन गरी तथ्याङ्क संकलन तथा डाटावेस तयार तथा अध्यावधिक गर्ने,

(ख) प्रदेशभित्र औधोगिक क्षेत्रको श्रमिकको मांग र आपूर्तिको अवस्था सन्तुलन गर्न आवश्यकता अनुसार क्षेत्रगत सीप समिति (Sector Skills Committee) लाई सुझाव दिने,

(ग) प्रदेशभित्र औधोगिक क्षेत्रको श्रमिकको मांग र आपूर्तिको अवस्था सन्तुलन गर्न औधोगिक क्षेत्रका प्रतिनिधिसँग नियमित छलफल, अन्तरक्रिया गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा समन्वय गर्ने,

मन्त्री

(घ) प्रदेशभित्र श्रम बजारको अन्तर (Labor Market Gap) पहिचान गरी समुदायगत विशिष्ट परम्परागत पेशाको पहिचान र स्तरीकृत गरी राष्ट्रिय दक्षता मापदण्ड (National Competency Standard) बनाउन संघीय निकायसँग समन्वय तथा सहजीकरण गर्ने,

(ङ) प्रदेश देखि स्थानीय तहसम्म राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलाई लागु गर्न समन्वय र सहकार्य गर्ने,

(च) नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकासको लागि संघीय इकाई/निकायहरूलाई पृष्ठपोषण दिने ।

१६. <u>स्थानीय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम समन्वय समिति (Local Level TVET Coordination Committee) :</u> (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमहरूको विद्यमान अवस्था, अवसर, समस्या, चुनौती, सम्भावित समाधान र सुव्यस्थित कार्यान्वयनका लागि समन्वयकारी भूमिका निर्वाह गर्न तपसिल बमोजिम स्थानीय तह प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम समन्वय समिति (Local Level TVET Coordination Committee) रहनेछ :-

| | | |
|---|---|---|
| (क) | उपमेयर/उपाध्यक्ष | - संयोजक १ जना |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य १ जना |
| (ग) | सामाजिक विकास समिति संयोजक | - सदस्य १ जना |
| (घ) | रोजगार संयोजक | - सदस्य १ जना |
| (ङ) | उद्यम विकास सहजकर्ता | - सदस्य १ जना |
| (च) | रोजगारदाता संस्थाहरू मध्येबाट सम्बन्धित स्थानीय तहले तोकेको एकजना महिला सदस्य | - सदस्य १ जना |
| (छ) | प्रमुख, शिक्षा शाखा (पालिका स्तरको) | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(ख) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश परियोजना समन्वय इकाई समक्ष पेश गर्ने,

(घ) स्थानीय तहमा संचालित प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम कार्यक्रमको अभिलेखीकरण गर्ने,

(ङ) स्थानीय तहभित्रका प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने,

(च) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम कार्यक्रम र राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यान्वयन गर्ने,

(छ) सीप मूल्याङ्कन केन्द्र स्थापना गरिसकेका स्थानीय तहसँग समन्वय गरी सीप मूल्याङ्कनको लागि आवश्यक सहजीकरण गर्ने,

मन्त्री

(ज) स्थानीय तहभित्रका उद्योग, व्यवसाय र संघसंस्थामा आवश्यक पर्ने दक्ष जनशक्ति र पेशाको पहिचान तथा अभिलेखीकरण गर्ने,

(झ) स्थानीय तहमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा आधारित सीप मूल्याङ्कन सन्चालन गर्न पूर्वाधारको विकास गर्ने, गराउने,

(ञ) प्रादेशिक परियोजना समन्वय समितिसँग समन्वय गर्ने,

(ट) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम कार्यक्रमको कार्यन्वयन गर्ने ।

## परिच्छेद — ७
## विविध

१७. लेखा तथा लेखापरीक्षण: यस परियोजनाको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

१८. कार्यविधिमा संशोधन :

(१) कार्यविधिमा आवश्यकता अनुसार कुनै संशोधन गर्नु परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ,

(२) कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरू नेपालको कानून वा प्रदेशको कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको प्रावधान अमान्य हुनेछ ।

१९. आवश्यक व्यवस्था मिलाउन सक्ने : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइ परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

२०. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

मन्त्री